नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**आर्थिक प्रशासन शाखा**

पत्र संख्याः २०८२।८३ आर्थिक

चलानी नं. ७८

पान नं २०१३६७०५२

मितिः २०८२।०९।२८

नेपाल सम्वत ११४६

**विषयः परिपत्र ।**

मन्त्रालय मातहत विभागहरु सबै ।

मन्त्रालय सम्बन्धित प्रतिष्ठान,बोर्ड र अस्पतालहरु सबै ।

प्रस्तुत विषयमा मिति २०८२।०९।२० देखि २२ सम्म माननीय मन्त्रीज्यू,सचिवज्यू समेतको उपस्थितिमा कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुख सम्मिलित वित्तीय व्यवस्थापन सम्बन्धी तीन दिने गोष्टीमा विविध विषयमा छलफल तथा अन्तरक्रिया र अभिमुखिकरण सञ्चालन भएको व्यहोरा अवगत नै छ । उक्त कार्यक्रममा माननीय मन्त्रीज्यू र सचिवज्यूबाट भएको निर्देशन र छलफल तथा अभिमुखिकरणबाट अनुसार देहायका विषयहरु तत्काल कार्यान्वयन गर्ने प्रतिवद्दता मसेत भएको हुँदा यी विषयहरु तत्काल कार्यान्वयनका लागि लेखि पठाईएको मिति २०८२।९।२५ को सचिवस्तरको निर्णय अनुसार अनुरोध छ ।

१.मिति २०८२ माघ महिनामा बाँकी बेरुजूको कम्तिमा २० प्रतिशत र आर्थिक वर्ष ०८२।०८३ मा ८० प्रतिशत बेरुजु फस्यौट गर्ने । तोकिएको ढाँचामा बेरुजुको अभिलेख अध्यावधिक गर्ने । यस पूर्व पठाईएको बेरुजु फस्यौट कार्ययोजना बमोजिम कार्यसम्पादन गर्ने ।

२.कार्यालयमा मौज्दात रहेका जिन्सी मालसामानहरुको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ बमोजिमको प्रकृया पूरा गरी तीन महिना भित्र मूल्य कायम गर्ने ।

३.वार्षिक जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम योग्य भनि समावेस भएका जिन्सी मालसामानहरु आ व ०८२।०८३ भित्र लिलाम गरि सक्ने ।

५.प्रतिष्ठान र वोर्डहरुले तीन महिना भित्र आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने । अन्य निकायहरुले मन्त्रालयको आन्तरिक व्यवस्थापन कार्यविधि २०८२ का व्यवस्थाहरु अनिवार्य कार्यान्वयन गर्ने ।

६. बजेटरी निकाय र प्रतिष्ठान, वोर्ड आदि ( गैर बजेटरी निकाय ) ले मन्त्रालयबाट प्राप्त अनुदानबाट हुने खरिद कार्यको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २१ को व्यवस्था बमोजिम खरिद सम्झौताको प्रतिवद्दता रकम CGAS प्रणालीमा अनिवार्य प्रविष्टि गर्ने ।

गोपीचन्द्र भण्डारी

उपसचिव (लेखा)

**सादर अवगतार्थः**

श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

श्री सूचना प्रविधि शाखा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । यो पत्र मन्त्रालयको वेवसाईटमा राख्ने व्यवस्था मिलाईदिन हुन अनुरोध छ ।